नेपाल राजपत्र

भाग १

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २९] काठमाडौं, जेठ १० गते २०३६ साल [अतिरिक्ताङ्क १२ (क)

शाही घोषणा

श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट विक्रम सम्वत् २०३६ साल [illegible] १० गते राष्ट्रका नाममा बक्सेको घोषणा सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः—

प्यारा देशवासीहरू,

प्रजातन्त्रका आदर्शलाई हामीले कहिले छाड्ने छैनौं भन्ने हाम्रो धारणा सम्पूर्ण देशवासीहरूलाई बेला मौकामा स्पष्ट पार्दै आएको कुरा सर्वविदितै छ। सबै नेपालीहरू अटाउने एउटै घरको मूल ढोका दलविहीन प्रजातान्त्रिक पञ्चायत प्रणाली भएकोले नेपालको स्वाधीनतालाई अखण्ड रूपमा जोगाई नेपाली मात्रको सर्वाङ्गिण विकासको काममा अघि सरौं भनी हामीले काम गरी आएका छौं।

एकातिर, लोक सम्मति नै पञ्चायत व्यवस्थाको आधार रही आएको छ भने अर्कोतिर, जनआकांक्षा अनुकूल देशको शासन व्यवस्था चलाउनु हाम्रो परम्परा र कर्तव्य रही आएको छ। त्यसैले, देशको विद्यमान परिस्थितिको परिप्रेक्ष्यमा हाम्रा देशवासीहरूले के कस्तो परिवर्तनको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

चाहना गरेका छन्, सो कुरा स्पष्ट रूपमा बुझी उचित कदम चाल्नको लागि हामीले नेपाल अधि-राज्यभर वालिगमताधिकारको आधारमा सम्पूर्ण नेपालीको गोप्य जनमत लिने व्यवस्था गरिने कुराको घोषणा गरिबक्सेका छौं। यस्तो राष्ट्रिय जनमत लिइंदा दुई मूलभूत प्रश्नहरू गरिनेछन्। पहिलो, के हाल कै पञ्चायत व्यवस्था कायम राखी त्यसमा सामयिक सुधार गर्दै जाने ? अथवा, त्यसको बदला, बहुदलीय शासन व्यवस्था स्थापना गर्ने।

यस्तो जनमत लिंदा ढिलो गर्नु उपयुक्त नहुने भएकोले हामीले एक हप्ताभित्र एक राष्ट्रिय चुनाव आयोगको गठन गरिबक्सने छौं र उक्त दुई प्रश्नहरूका आधारमा उमेर पुगेका सबै योग्य नेपालीहरूले आफ्नो गोप्य मतदान दिन पाउनेछन्। यस्तो जनमत लिइंदा सम्पूर्ण रू[illegible] स्वतन्त्र, निष्पक्ष र धाँधली हुन नसक्ने व्यवस्था मिलाउन सबैबाट सहयोग प्राप्त हुनेछ भन्ने हामीले आशा राखिबक्सेका छौं।

हाम्रो देश हामी सबैलाई प्यारो छ। जसरी इतिहासको प्रत्येक घडीमा हामी एक अर्काका भरमा अघि बढेका छौं, त्यसै गरी हामी सबैले एक अर्काको सुखदुःख बुझी हाम्रो स्वाधीन हिन्दू अधिराज्य नेपाल र हाम्रो आफ्नै विशिष्ट नेपाली सभ्यतालाई युगयुगान्तरसम्म दिगो राख्नु हामी सबैको साझा कर्तव्य हो।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून् !

जय नेपाल !

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका सचिव

मुद्रण विभाग, सिंहदरबार

934
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।